# धवलागिरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मुना, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

---

**कार्यपालिकाको बैठको निर्णय सार्वजनिक गरिएको सूचना**

(मितिः२०८२/०१/१०)

यस धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/०१/०८ मा बसैको बैठकले गरेका निर्णय यसै सूचना साथ सार्वजनिक गरिएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२ वैशाख ८ गतेको कार्यपालिकामा प्रस्तुत हुने प्रस्ताव र सो सम्बन्धका निर्णयहरू।

*प्रस्तावहरू*

१. बजेट थप सम्बन्धमा

२. आँखा सिविर सञ्चालन सम्बन्धमा,

३. विविध

*निर्णयहरू*

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा देहायबमोजिम हुने गरी निर्णय गरियो।

क. आ.व २०८१/८२ को हिउँदे गाउँसभाबाट लुलाङ गुर्जा सडक DPR/IEE शीर्षकमा रु ४ लाख बजेट बिनियोजन गरिएकोमा सो बजेटले डिपिआर र आईई गर्न अपुग हुने देखिएकोले सोही बजेट शीर्षकमा सेवा तथा परामर्श खर्च शीर्षकबाट रू १ लाख थप गरी रू ५ लाख बरावरको लागत अनुमान र DPR निर्माणको लागी आवश्यक TOR स्वीकृत गर्ने,

ख. यस गाउँपालिकाबाट विनियोजित बजेट शीर्षक धौलागिरी आ.वि.विद्यालय मर्मत र खानेपानि च्यामबर निर्माण एवं धवलागिरी आ.वि. वालशिक्षा कक्षा मर्मत तथा व्यवस्थापन खर्च शीर्षकमा मौजुदा बजेटले अत्यावश्यक कार्य गर्न अपुग हुने देखिएकोले निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार बजेट शीर्षकबाट खर्च गर्नेगरी रू १ लाख रुपैंया थप गर्ने,

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा नेपाल नेत्र ज्योति संघ जिल्ला शाखा म्याग्दीको प्रस्तावनामाथि छलफल गर्दा यस धवलागिरी गाउँपालिकाको वडा नं.३, ५, ६ र ७ मा आँखा सिविर सञ्चालन गर्ने साथै सोको व्यवस्थापन एवं चस्मा र औषधी बापत पालिकाले व्यहोर्नुपर्ने रकम अन्य संस्थासंग साझेदारी कार्यक्रम खर्च शीर्षकबाट भुक्तानी गर्ने,

३. विवध अन्तर्गत देहायबमोजिम हुने गरी निर्णय गरियो।

क. पुर्ण खोप पालिका घोषणा कार्यक्रममा ६४ जना स्वयंसेविका र ७ जना खोप फोकल पर्शनलाई सम्मान गर्ने।

ख. गाउँपालिकाको वडा नं. ५को विपद् छुटको पिडितलाई हालको कार्यविधिअनुसार आर्थिक सहायता उपलब्ध गराउने।

ग. पर्यटन तथा उद्योग कार्यालय म्याग्दीको सहयोगमा हाते ट्र्याक्टर सम्बन्धी तालिम, यस गाउँपालिकाको वडा नं. ३ मुनामा सञ्चालन गर्ने,

घ. गाउँपालिकाको विभिन्न स्थानमा हावाहुरीले क्षति पुऱ्याएको हुँदा सो मर्मत तथा पुननिर्माणको लागि प्राविधिक लागत अनुमान र कार्यसम्पन्न प्रतिवेनदनका आधारमा उद्दार, राहत तथा पुनस्थापना खर्च शीर्षकबाट भुक्तानी हुने गरी निर्माण कार्य गराउने।

ङ. निःशूल्क स्वास्थ्य सिवीर सञ्चालनका लागि युनाईटेड क्लबको अनुमति माग निवेदन सम्बन्धमा छलफल गर्दा गाउँपालिकाको वडा नं.७ ताकम स्वास्थ्य चौकीमा निःशूल्क स्वास्थ्य सिविर सञ्चालन गर्नेगरी अनुमति प्रदान गर्ने साथै सोको व्यवस्थापनमा लाग्ने खर्च गाउँपालिकाको अन्य संस्थासँग साझेदारी खर्च शीर्षकबाट व्यय गर्ने।

च. आधारभुत तह उतीर्ण परीक्षा-२०८१ नियमिततर्फ सबैभन्दा बढी जिपिए प्राप्त गर्ने धवलागिरी मा.वी का विद्यार्थी श्री तिर्सना शेरपुञ्जालाई सम्मान गर्ने एवं नगद रू ४,०००/- (करबाहेक) पुरस्कार प्रदान गर्ने,

छ. राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता २०८१ (जिल्लास्तर) मा पदक प्राप्त गर्ने विद्यार्थी एवं शिक्षकलाई सम्मान गर्ने साथै सम्मान ग्रहण गर्न आउने शिक्षक/विद्यार्थीलाई दुरीका हिसावले बालबालिकाको अतिरिक्त कार्यक्रम खर्च शीर्षकबाट भुक्तानी गर्ने।

ज. स्टुडेन्ट भाईव्स र बेनी अन्लाईनको आयोजनामा भएको 'वक्तृत्वकला प्रतियोगितामा पालिका प्रथम हुने एवं जिल्लास्तरमा प्रथम हुने विद्यार्थीलाई सम्मान गर्ने साथै नगद रू ४,०००/- कर बाहेक) पुरस्कार प्रदान गर्ने। पालिकास्तरमा द्वितीय र तृतीय हुने विद्यार्थीलाई स्टेशनरी उपलब्ध गराउने।